सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री सुशीला कार्की

<u>आदेश</u>

बन्दी रिट निवेदन नं. ०६९-WH-००४४

बिषयः- <u>बन्दीप्रत्यक्षीकरण लगायत उपयुक्त आदेश जारी गरी पाऊ</u>

भारत उत्तरप्रदेश राज्य, सम्बल जिल्ला, फत्तेपुर तेहसिल, गिनउर गाउँ स्थायी घर भई हाल सिराहा जिल्ला, बेलहाकट्टी गाउँ स्थित ॐ ईटा भट्टामा कार्यरत सेवाराम ----------१ } निवेदक

विरुद्ध

पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय ----------१
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिराहा----------१
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय सिराहा ----------१
सिराहा जिल्ला, बेलहाकट्टी गाउँ स्थित ॐ ईटा भट्टाका साझेदार मोती भन्ने व्यक्ति ----------१
सिराहा जिल्ला, बेलहाकट्टी गाउँ स्थित ॐ ईटा भट्टाका सञ्चालक राम प्रसाद-१
ऐ. ऐ. का अर्का सञ्चालक बिजय भन्ने व्यक्ति ----------१
ऐ. ऐ. का ठेकेदार सुबे मण्डल ----------१ } विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यस अदालतको अधिकारक्षेत्र भित्रको भई दायर भएको प्रस्तुत रिट निवेदनको तथ्य र आदेश यस प्रकार छः-

म रिट निवेदक सिराहा जिल्ला, बेलहाकट्टी गाउँ स्थित ॐ ईटा भट्टामा श्रमिकका रूपमा कार्यरत रहेको छु । विपक्षीहरू मध्येका विपक्षी नं. ४ देखि ७ सम्मका व्यक्तिहरूले धरमन्ती लगायतका ६४ जना व्यक्तिहरूलाई जबरजस्ती बन्धक बनाई बाँधा श्रमिकका रुपमा राखेकाले बन्धक बनाएको स्थान सिराह जिल्ला बेलहाकट्टी गाउँ स्थित ॐ ईटा भट्टामा स्थलगत निरीक्षण गरी बन्धक बनाइएका श्रमीकहरूलाई त्यहाँबाट रिहा गराई विपक्षी नं. ४ देखी ७ लाई प्रचलित कानून बमोजिम फौजदारी कसूरमा अनुसन्धान प्रक्रिया अघि बढाउन आवश्यक आदेश समेत जारी गरी पाउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यो निवेदन गर्न आएको छु ।

म निवेदक समेतका बन्दीहरू र विपक्षी नं. ४ देखि ७ सम्मका व्यक्तिहरू बीचमा ॐ ईटा भट्टामा प्रति एक हजार ईटाको रू.१४००।- मा कच्चा ईटा बनाउने शर्तमा करार भएको थियो । त्यस पश्चात् निवेदक समेतका बन्दीहरू ईटा भट्टामा पुगी करारको शर्तनामा अनुसार काम गर्न थाल्यौं । त्यहाँ काम गर्दै जाँदा जम्मा रू. ५२,०००।- को काम सम्पन्न भइसकेकाले रकमको भुक्तानी मागदा ईटा भट्टा सञ्चालकहरुले बिभिन्न बहाना बनाई भुक्तानीमा बिलम्ब गरिरहेका थिए । यसै बिच रकमको भुक्तानी दिन र उक्त स्थान छाडी आफ्नो घर जान दिन भनी पटक पटक अनुरोध गरेका थियौं । तर विपक्षी नं. ४ देखि ७ ले रकम भुक्तानी पनि नदिने र घर जानपनि नदिने उल्टै कुटपिट समेत गरेर हालसम्म बन्दी बनाई बिना कुनै पारिश्रमिक चर्को घाममा काम गराई रहेका छन् । निज विपक्षीहरूले ईटा बनाएको कुराको भर्पाई आफ्नो कितावमा जनाएका छैनन् भने पहिले नै प्रिन्ट गरी राखिएको कागजमा सही गराएर राखेका छन् । यसको नाजायज फाइदा विपक्षीहरूले लिन सक्ने जोखिम पनि रहेको छ । अन्तरराज्य श्रमिक बसाई सराई क्षतिपूर्ति ऐनको प्रावधान अनुसार श्रमिकहरूलाई बसाइ सराई गराउन अनुमतिपत्र हुनुपर्ने बाध्यात्मक व्यवस्था भएकोमा विपक्षीहरूसँग त्यस्तो अनुमति पत्र छैन ।

विपक्षी ईटा भट्टा सञ्चालकहरुबाट बन्दीहरूलाई निगरानी गर्न निजी सुरक्षाकर्मी राखी त्यस स्थानबाट कही कतै जान नदिई थुनामा राखिएको छ । निवेदक र

बन्दीहरूलाई यदि त्यहाँबाट भाग्न खोजेमा मारीदिने धम्की समेत दिदै आएका छन् । विपक्षी नं. ४-७ ले कमैया श्रम निषेध गर्ने ऐनको बाध्यात्मक प्रावधानहरूको उल्लंघन गरेका छन् । निज विपक्षीहरूले बिगत एक महिना देखि बन्दीहरूलाई गैर कानूनी रूपमा कमैया श्रमिकका रूपमा पारिश्रमिक नदिई राखी नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेको मानव अधिकार सम्बन्धी प्रावधानहरूको समेत उल्लंघन गरेकाले त्यस आधारमा पनि विपक्षीहरूलाई मुद्दा चलाइनुपर्ने अवस्था रहेको छ । विरामी अवस्थामा रहेका बन्दीहरूलाई औषधी उपचारको व्यवस्था नगरी बेवास्ता गरेका कारणबाट बन्दीहरूको जीवन खतरामा रहेको छ । बन्दीहरूसँग रासन खरिद गर्ने रकम पनि छैन । बन्दीहरूलाई विपक्षीहरूको गैरकानूनी र दुष्कार्यपूर्ण थुनाबाट मुक्त नगरिएमा भोकमरीबाट मर्नुपर्ने अवस्था आउने खतरा रहेको छ । बस्नका लागि उचित प्रवन्ध गरी बन्दीका बालबालीकाहरूलाई शिक्षा लगायत अन्य आवश्यक सुबिधा पनि प्रदान गरेका छैनन् । यस बिषयमा विपक्षी नं. २ र ३ लाई मिति २०६९।८।३ मा जानकारी गराइएको थियो तर कुनै कारवाही अगाडी नबढाएकाले विपक्षी नं. १ देखी ३ लाई पनि प्रस्तुत रिटमा विपक्षी बनाइएको छ ।

म रिट निवेदक विपक्षीहरूको बन्धकबाट उम्कन सफल भई हाल बाहिर रहेको र म निवेदकका छोरी, बहिनी, ज्वाई, भतिजा, नजिकको नातेदार र सँगै काम गर्ने सहकर्मी विपक्षीहरूबाट बन्दी अवस्थामा रहेको र बन्दीहरूको जीवन जोखिममा रहेकोले सिघ्र रिहाइको लागि यस बाहेक अर्को प्रभाबकारी र छिटो छरितो उपचार विधि नरहेकाले प्रस्तुत निवेदन गरेको छु ।

तसर्थ, जिल्ला प्रशासन कार्यालय सिराहाका नाममा प्रमुख जिल्ला अधिकारी आँफै वा निजद्वारा आफ्नो मातहतको कुनै अधिकारी खटाई ॐ ईटा भट्टामा तुरून्त निरीक्षण गरी वास्तबिकता बुझी यदी निवेदनमा उठाइए जस्तो अवस्था रहेको भए तत्काल बन्धकबाट मुक्त गर्नु र विपक्षी नं. ४ देखि ७ सम्मका व्यक्तिहरूका विरूद्ध प्रचलित कानून बमोजिम फौजदारी मुद्दाको अनुसन्धान प्रक्रिया थालनी गर्नु भनी जिल्ला प्रहरी कार्यालयलाई निर्देशन

दिनु भनी आदेश जारी गरी पाउँ । साथै विपक्षीहरू मध्येका ४ देखि ७ सम्मका व्यक्तिहरू, तिनीहरूका कर्मचारीहरू र सुरक्षाकर्मीहरूका विरूद्ध प्रचलित कानूनबमोजिम मुद्दा दायर गर्नु भनी आदेश जfरी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदक सेवा रामले सम्माननीय प्रधान न्यायाधीशलाई सम्वोधन गरी अंग्रेजी भाषामा हुलाकबाट प्रेषित गरेको पत्रलाई नेपाली भाषामा अनुवाद गरी दर्ता भएको रिट निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक (३) तीनदिन भित्र विपक्षी नं. १, २ र ३ ले महान्यायाधिवक्ताको कार्यलय मार्फत लिखित जवाफ पठाउनु भनी र विपक्षी नं. ४, ५, ६, र ७ ले आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ लिई उपस्थित हुनुभनी सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार गर्नु ।

साथै निवेदन व्यहोराबाट ठूलो संख्यामा बिनामन्जुरी खानपिनको यथोचित व्यवस्था समेत नगरी जबरजस्ती थुनाको स्थितिमा राखी काम गराएको र तत्सम्बन्धी गुनासोको सम्बोधन समेत सम्बन्धित निकायले नगरेको भन्दै बन्दीप्रत्यक्षीकरणको आदेश मागगरेको देखिएको छ । यस्तो प्रकृतिको समस्यामा कुनै किसिमको बिलम्ब गर्न नमिली तत्काल जाँचबुझ गरी आवश्यकताअनुसार राहत सहित निकासा दिनुपर्ने स्थिति देखिएकाले निवेदनको व्यहोरा साँचो छ छैन, निवेदन व्यहोराबमोजिम बन्धक बनाई काममा लगाएको अवस्था समेत हो होइन, सो सम्बन्धमा आवश्यक सुरक्षा मद्दत सहित अबिलम्ब विवादित कार्यस्थलमा प्रवेश गरी जो जसलाई बुझ्नुपर्छ बुझी, खानपिन बसोबास र कार्यस्थलको शर्त र वातावरण समेतको बारेमा प्रतिवेदन गर्ने, तत्काल खानपिनको व्यवस्था नभएको वा लत्ताकपडा र बसोवास असाध्य किसिमको देखिएमा सम्बन्धित इटाभट्टाको मालिककै खर्चमा तत्काल व्यवस्था गर्न लगाउने, सो हुन नसकेमा स्थानिय प्रशासन अर्थात प्रमुख जिल्ला अधिकारी समेतको संयोजकत्वमा आवश्यक व्यवस्था गर्न लगाउने, सो गर्न नमानेमा वा हुन नसकेमा तत्काल गर्नपर्ने जो चाहिने व्यवस्था गरी आवश्यक कारवाही एवं

व्यवस्था गर्न यस अदालतमा निकासाको लागि लेखी पठाउने समेतको काम गर्ने गरी सिराहा जिल्ला अदालतको श्रेस्तेदारलाई जाँचबुझ अधिकृतको रूपमा काम गर्न तोकि पठाउने र उक्त काम २(दुई) दिनभित्र सम्पन्न गरी प्रतिवेदन गर्नु भनी सिराहा जिल्ला अदालतलाई लेखी पठाई आगामी माघ ३(तीन) गते पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६९।९।२७ को आदेश ।

मिति २०६९।१०।१ गते प्रतिवेदक दुर्गाबहादुर भुसालको नेतृत्वमा तहसिलदार, शाखा अधिकृत समेतको अदालतको टोलि र प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक समेतको टोली बेल्हाकट्टी गाउँ स्थित ॐ ईटाभट्टा रहेको स्थानमा पुगियो । पीडितहरूसँगको कुराकानीमा पीडितहरूलाई प्रति ईटा रू १.४०।- (एक रूपयाँ चालिस पैसा) दिने भनिएकोमा शर्त अनुसार पैसा नदिएको, ईटा उत्पादन गर्दा सम्झौता भन्दा बढी श्रम खर्चिनु परेको, काम गरेको ज्याला ईटा उत्पादन अनुसार नदिएको, ज्याला माग्दा उल्टै धम्क्याउने कुट्ने पिट्ने गरेको, खान बस्नको लागि उचित प्रबन्ध नभएको, ओढ्ने ओछ्याउने व्यवस्था नभएको, औषधी उपचार नभएको, श्रमीक महिलाहरूलाई इटाभट्टाका मालिक पक्षका मानिसहरूले कार्य स्थलमा यौनजन्य दुर्व्यवहार गर्ने गरेको, कुनै पनि शर्तमा ईटाभट्टामा बसी काम गर्ने इच्छा नभएको र आफ्नो घर (भारत) फर्कन चाहेको कुरा पीडितहरूको भनाई रहेको पाइयो । पीडितहरूले आफ्ना कुरा भन्दा सबैका आँखाबाट आँसु बगिरहेको, बालवच्चा र बुढावुढीहरू रूघा खोकीले ग्रस्त रहेका, बस्ने ठाउँ एकसरो काँचो ईटाले बारेको उभिन समेत नमिल्ने सानो रहेको, बच्चाहरूलाई समेत काममा लगाई वालश्रम शोषण भएको समेत देखियो । ईटा भट्टाका संचालक विजयले पीडितहरूको आरोप कपोलकल्पीत भएको भने तापनि पीडितहरूप्रति गरेको व्यबहार कुराकानीबाट पीडितहरूलाई जबरजस्तीपूर्वक बन्धक बनाई काममा लगाएको र निवेदनमा उल्लेखित व्यहोरा सबै सत्य भएको लाग्यो ।

पीडीतहरू एकछिन पनि त्यहा बस्न नचाहेको, तत्काल खानपिनको व्यवस्था पनि नभएको, चिसो मौसम समेतलाई मध्यनजर गरी प्रहरी, प्रशासन तथा हामी गएका टोली

समेतको सल्लाह र सुझाव बमोजिम पीडित सवैलाई मिति २०६९।१०।१ गते बेलुकी ४.३० बजेतिर बन्धकमुक्त गरी सिराहा सदरमुकाममा ल्याउने काम भयो । हाल पीडितहरूलाई आवश्यक सुरक्षाका साथ नेपाल रेडक्रस सोसाइटी सिराहा शाखामा राखिएको, स्थानीय अस्पताल मार्फत हाल पीडितहरूको स्वास्थ्य उपचार गराउने कार्य भईरहेको, ओढ्ने ओछ्याउने तथा खाने व्यवस्था हाल सिराहा जिल्ला अदालतको सक्रियतामा भइरहेको छ । पीडितहरू सबै भारतीय नागरिक भएको र नीजहरू सबैको आफ्नो घर फर्कने चाहना रहेको व्यहोरा समेत सादर अनुरोध छ भन्ने समेत व्यहोराको सिराहा जिल्ला अदालतका श्रेस्तेदार दुर्गाबहादुर भुसालको मिति २०६९।१०।२ को प्रतिवेदन ।

यस अदालतको मिति २०६९।९।२७ को आदेशबमोजिम सिराहा जिल्ला अदालतका श्रेस्तेदारले घटनास्थलको जाँचबुझ गरी पठाएको प्रतिवेदन व्यहोरा समेतबाट निवेदनमा उल्लेख भएबमोजिमका श्रमिकहरूलाई इटा भट्टा कारखानाले निजहरूको इच्छाविपरीत ज्यालासमेत पूरा नदिई कार्यस्थलमा खानेबस्ने एवं लत्ताकपडा आदिको न्यूनतम बन्दोबस्त समेत नमिलाई तथा सुरक्षा समेत नदिई श्रम शोषण एवं यौन दुर्व्यवहार समेतको नाजुक अवस्थामा बन्धक बनाई राखेको र निज श्रमिकहरूले त्यहाँबाट छुटकारा पाउन माग गरेको भन्ने देखिएको छ । त्यसरी जबरजस्ती बन्धक बनाई काममा लगाउनु बन्दीसरहको अवस्था देखिएको भै जाँचबुझ अधिकृत समेतको टोलीले सम्बन्धित बन्धक बनाइएका व्यक्तिहरूको इच्छानुसार बन्धकमुक्त गरी अदालतकै सक्रियतामा नेपाल रेडक्रस सोसाइटी सिरहामा आश्रय दिई खानपीन एवं स्वास्थ्य उपचार गरिएको भन्ने समेत देखिएकोले निजहरूलाई बन्दीसरहको त्यस्तो अवस्थामा निरन्तर रहन दिन वा यथावत अवस्थामा छाड्न समेत मिल्ने नदेखिएकोले ती श्रमिकहरूले इच्छा गरेमा कागज गराई निजहरूलाई आफ्नो देश भारत प्रस्तान गर्न नेपाल भारत सीमासम्म पर्याप्त सुरक्षा व्यवस्था मिलाई आफ्नो देशमा पुनरागमनका लागि सहयोग दिई पठाउने व्यवस्था गर्नुपर्ने देखियो । यस क्रममा निवेदकलगायतका श्रमिकहरूले काम गरेको इटाभट्टाबाट

पाउनु पर्ने रकमको हकमा इटा भट्टा मालिकबाट तत्काल दिलाउन सक्ने भए सो काममा सहयोग गर्ने र सो हुन नसकेमा पनि सम्बन्धित श्रमिकहरूले कानूनबमोजिम भराई पाउन उपयुक्त उपचार खोज्न सक्ने नै हुँदा प्रस्तुत निवेदनको रोहमा निवेदनमा उल्लिखित व्यक्तिहरूलाई बन्धक सरहको स्थितिमा बन्दी बनाई राखेको देखिँदा निजहरूलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६ बमोजिम बन्धक अवस्थाबाट मुक्त गरी आफ्नो देश प्रस्थान गर्न मित्र राष्ट्र भारतको सीमावर्ती प्रशासनसँग समेत आवश्यक समन्वय गरी निजहरूलाई सुरक्षासाथ नेपाल सीमा पार गर्न दिई सो कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन यस अदालतमा पठाउनु भनी सिरहा जिल्ला अदालतका श्रेस्तेदारलाई लेखि पठाउनू र उक्त कार्यमा आवश्यक पर्ने प्रशासनिक तथा अन्य व्यवस्थापकीय सरसहयोग सक्रियरूपमा उपलब्ध गराउनु भनी पूर्वाञ्चल क्षेत्रीय प्रशासक तथा सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई समेत लेखि पठाई श्रेस्तेदारको प्रतिवेदन प्राप्त भएपछि मिसिलसाथ राखि नियमानुसार पेश गर्नू भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६९।१०।३ को आदेश ।

रिट निवेदनमा उल्लेख गरिएका धरमन्ती सहितका ६४ जना व्यक्तिहरूलाई बन्दी बनाइएको सम्बन्धमा ईटाभट्टा र कामदारहरू बीचको करार एवं कामवारे स्थानीय प्रशासनमा यस पूर्व केही जानकारी नभएको, सम्मानीत अदालतमा रिट निवेदन दायर भई आदेश भए पश्चात् मिति २०६९।१०।१ गते प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक र सिरहा जिल्ला अदालतका श्रेस्तेदार सहितको टोली सम्बन्धित ईटाभट्टा रहेको स्थानमा अवलोकन गर्न गई बन्दी बनाइएका भनिएका व्यक्ति धरमन्ती समेतका ६४ जना व्यक्तिलाई उद्धार गरी सिरहा जिल्ला स्थित नेपाल रेडक्रस सोसाइटीको भवनमा खानपिन र सुत्ने समेतको उचित व्यवस्था मिलाई राखिएको छ । ईटाभट्टा धनीलाई अन्तरराज्य श्रमिक बसाई सराई क्षतिपूर्ति ऐन, धम्की विरूद्धको कारवाही र कमैया श्रम निषेध गर्ने ऐन लगयतका कानूनबमोजिम दायर दर्ता गरी चलाउनुपर्ने मुद्दाका सम्बन्धमा ईटाभट्टा धनी लगायतका कसूरदारहरूलाई कानूनबमोजिम कारवाही हुने व्यहोरा अवगत गराउँछु ।

ईटाभट्टामा काम गर्न आउने कामदारहरूले प्रशासनमा दिनुपर्ने सूचना नदिएको कारण प्रशासन सु-सुचित हुन नसकेको हुँदा निजहरूले जोर जबरजस्ती काममा संलग्न हुनपरेको अवस्था रहेको कुरा जानकारी गराउँदछु । बन्धकमा राखिएका भनिएका व्यक्तिहरूलाई आफ्नो देशमा पठाउने तर्फ पहल शुरू भइसकेको व्यहोरा सम्मानित अदालत समक्ष अनुरोध गर्दै यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी ध्रुवप्रसाद ढकालको लिखित जावफ ।

भारतीय मजदुर, महिला र बालवालिकालाई बन्धक बनाएको सम्बन्धमा कारवाहीको लागि रिट निवेदक तथा कुनै संघ संस्था वा नागरिक समाज समेतबाट यस कार्यालयमा उजुरी वा सूचना गरेको नदेखिएको साथै आवश्यक कारवाहीको लागि कुनै अड्डा अदालत वा कार्यालय समेतबाट पत्राचार समेत नरहे नभएको हुँदा सो सम्बन्धमा यस कार्यालयलाई जानकारी हुन सकेन । उक्त घटनाका सम्बन्धमा मिति २०६९।९।२९ गते सम्मानित सिरहा जिल्ला अदालतको च.नं. ३७८३ को सुरक्षा खटाई पठाई दिने भन्ने व्यहोराको पत्र यस कार्यालयमा प्राप्त हुन आएको हुँदा मिति २०६९।१०।१ गते प्रमुख जिल्ला अधिकारी, यस कार्यालयका कार्यालय प्रमुख तथा सिरहा जिल्ला अदालतका श्रेस्तेदार सहितको टोली सम्बन्धित ईटाभट्टा रहेको स्थानमा स्थलगत अवलोकन गर्न गई बन्दी बनाइएका भनिएका व्यक्ति धरमन्ती समेतका ६४ जना व्यक्तिहरूलाई उद्धार गरी सिरहा स्थित नेपाल रेडक्रस सोसाइटीको भवनमा खाने बस्नेको उचित व्यवस्था मिलाई राखिएको छ । यस कार्यालयबाट बन्धक बनाएको र यातना दिएको नहुँदा यस कार्यालयको हकमा दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी उपरीक्षक बिक्रम गुरूङ्गको लिखित जवाफ ।

हामी लिखित जवाफ प्रस्तुतकर्ताहरू सिराहा जिल्ला, बेल्हा गा.वि.स., वडा नं. ५ मा स्थायी घर बसोवास गरी सामान्य पेशा व्यबसाय गरी आएका नागरिकहरू हौं । यस क्रममा दिलिप कुमार पुर्वेको नाममा घरेलु तथा साना उद्योग कार्यालय सिराहामा मिति

२०६६।१०।२ मा "राम जानकी ईटा उद्योग" नामक फर्म दर्ता गरी साझेदारीमा ॐ अंकित ईटा उत्पादन गरी व्यवसाय संचालन गरी आएका छौं । ईटा उद्योग संचालन गरी आउने क्रममा उद्योग संचालनार्थ आवश्यक पर्ने जनशक्ति ठेकेदार मार्फत उपलव्ध हुने भएकोले सुवे मण्डल, इरफान अलि, सरफराज खान समेतका ठेकेदार मार्फत निवेदक लगायतका व्यक्तिहरू ईटा उद्योगमा आई काम गर्न स्वेच्छा पूर्वक बसेका हुन । आपसी सहमती अनुसार कच्चा ईटा बनाउने काममा लागे लगाएको तथ्य प्रति एक हजार ईटाको रु. १४००।- मा कच्चा ईटा बनाउने शर्तमा करार भएको भनी निवेदनमा नै उल्लेख भएकोबाट पुष्टि भएको छ। निवेदक समेतका व्यक्तिहरूलाई काममा ल्याउने ठेकेदारहरूले केही रकम अग्रीम भुक्तानी बुझी लिएको र सो बराबरको काम नगरी विपक्षी निवेदक समेतका व्यक्तिहरू काम छाडी जान लागेकोमा भुक्तानी रकम अनुसारको काम गर्न ईटा उद्योग संचालकको तर्फबाट अनुरोध गर्दा जबरजस्ती बन्धक बनाई राखेको भनी अदालतलाई समेत गुमराहमा पारी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज भागी छ ।

हामीबाट अन्तरराज्य श्रमिक बसाई सराई क्षतिपुर्ति ऐन, कमैया श्रम निषेध गर्ने ऐन लगायतका कानून विपरितका कुनै कार्य भएको छैन । निवेदकहरू ठेकेदार मार्फत आएकाले निजहरू कुन देशका बासिन्दा हुन् भनी पूर्व जानकारी नभएको र निजहरू स्वेच्छा पूर्वक ईटा बनाउने काममा लागेको हुँदा हामीले कुनै फौजदारी कसूर गरेका छैनौं । हामीले निवेदक लगायतका व्यक्तिहरूलाई जबरजस्ती बन्दी बनाई बाधा श्रमिकको रूपमा काममा लगाएका छैनौं । हाम्रो ईटा उद्योगमा कुनैपनि बालवालिकाहरूलाई काममा लगाई बालश्रम शोषण गरिएको अवस्था छैन । कामदारहरूले आफ्नो परिवार समेत ल्याई साथै राख्ने गरेबाट उद्योग परिसरमा बालवालिकाहरू देखिएका हुन् । ईटा उद्योगमा काम गर्ने महिला कामदारहरू उपर हामी संचालकहरू तथा उद्योगमा कार्यरत कर्मचारीहरूबाट कुनै प्रकारको यौनजन्य दुर्व्यवहार भएको अवस्था समेत छैन । निवेदक समेतका व्यक्तिहरूले ईटा उद्योगमा अस्थायी

प्रकृतिले सिजन अनुरूप ठेक्काको हिसावले काम गर्ने र आफ्नो साथमा बालवच्चालाई अस्थायी रूपमै राख्ने भएबाट निज बालवालिकाहरूको लागि शिक्षा लगायतका सुबिधा प्रदान गर्ने अवस्था नरहेको हो । ईटा उद्योगमा कार्यरत कामदारहरूका लागि बसोवास खानपान लगायतका आवश्यक न्यूनतम सुविधाहरू उपलव्ध गराएका छौं । तसर्थ, भुक्तानी रकम अनुसार काम नगरी फर्कने उद्देश्यले कपोलकल्पित तथ्यहरू उल्लेख गरी प्रस्तुत निवेदन दायर गरेकोमा निज निवेदक समेतका व्यक्तिहरू हाल सम्मानीत सर्वोच्च अदालतको आदेश अनुसार ईटा उद्योगबाट निकाली सपरिवार सकुसल आफ्नो देश फर्किसकेको अवस्थामा प्रस्तुत निवेदनको औचित्य समेत नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षीहरू रामप्रसाद पुर्वे, विजय कुमार मण्डल र मोतीलाल श्रेष्ठको संयुक्त लिखित जवाफ ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६९।१०।३ मा भएको आदेश फ्याक्स मार्फत मिति २०६९।१०।३ गते प्राप्त भएपछि आदेशानुसार ईटाभट्टाबाट उद्धार गरी ल्याएका श्रमिकहरूलाई आफ्नो देश भारत पुनरागमनका लागि सहयोग दिई पठाउने व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय सिराहा समेतलाई आदेशको जानकारी गराइयो । जिल्ला प्रशासन कार्यालय सिराहाबाट मित्रराष्ट्र भारतको सीमावर्ती प्रशासनलाई पत्राचार गर्ने कार्य भयो । माघ ४ गते श्रमीकहरूलाई सीमासम्म पुऱ्याउने तयारी गरेकोमा भारतीय पक्षबाट कुनै जानकारी नआएकोले मिति २०६९।१०।४ गते श्रमीकहरूलाई भारतीय सीमासम्म पुऱ्याउने कार्य हुन सकेन । उक्त दिन श्रमिकहरूलाई जिल्ला अदालतको सक्रियतामा चन्द्र उच्च मा.वि. को कक्षाकोठामा राखी खानपानको व्यवस्था गरियो । मिति २०६९।१०।५ गते पनि भारतीय सीमा प्रशासनबाट श्रमीकहरूलाई बुझ्न कुनै अधिकारी नआएको र श्रमीकहरूबाट आँफुलाई सुरक्षीत साथ सीमासम्म पुऱ्याइ दिए घर जानसक्ने भनाई आएको थियो । ठूलो सख्यामा रहेका श्रमीकहरूलाई लामो समयसम्म राख्न सुरक्षा एवं खानपानको दृष्टिकोणबाट समेत अप्ठेरो हुने समेतका कुराहरूलाई दृष्टिगत गरी नागरिक समाज तथा पत्रकार समेतको अगुवाई र भारतीय

सीमा क्षेत्रका राजनीतिज्ञ तथा समाजसेवीहरूलाई समेत रोहवरमा राखी जिल्ला मधुवनी, प्रखण्ड जयनगर (भारत) पंचायत, वेहली पूर्वी घर कम्लाबारीका मुखिया भोला यादवलाई मिति २०६९।१०।५ गते दिउँसो २.०० बजे बुझाउने कार्य भयो । सीमाक्षेत्रसम्म पुऱ्याउन नेपालको तर्फबाट प्रहरी प्रशासनका प्रमुख तथा संचारकर्मीहरूका साथै माननीय जिल्ला न्यायाधीश ज्यूहरू भीम कुमार ओझा, विश्वमंगल आत्रेय, अर्जुन प्रसाद कोइराला र श्रेस्तेदार पुगेका थियौं । बुझाउने कार्य सम्पन्न भएपछि बालवच्चा सहितका श्रमीकहरूलाई सीमापारीको गाडीमा चढाई ति गाडीहरू हिडेपछि मात्र हामीहरू फर्कने काम भयो । श्रमीकहरूलाई पाँचदिन सम्म सिराहामा राख्दा भएको खर्च तथा घर जानको लागि यातायात खर्च वापतको रकम ईटाभट्टा सञ्चालकको तर्फबाट पटक पटक गरी जम्मा रू. ५४,०००।- उपलव्ध गराइएको थियो भन्ने समेत व्यहोराको सिराहा जिल्ला अदालतका श्रेस्तेदार दुर्गाबहादुर भुसालको यस अदालतमा पेश भएको मिति २०६९। १०।६ को दोस्रो प्रतिवेदन ।

रिट निवेदनमा उल्लेखित धरमन्ती समेतका ६४ जना व्यक्तिहरू सिराहा जिल्ला बेलहाकट्टी गाउँ स्थित ॐ ईटाभट्टामा काम गरेका सम्बन्धमा स्थानिय प्रशासनमा पूर्व जानकारी नभएको, बन्दी बनाएको छ भनी सम्मानीत सर्वोच्च अदालतमा निवेदन परी सम्मानीत अदालतबाट मिति २०६९।९।२७ मा भएको आदेश प्राप्त भएपछि यस कार्यालयका क्षेत्रीय प्रशासकको निर्देशनमा मिति २०६९।१०।१ मा प्रमुख जिल्ला अधिकारी सिराहा, प्रहरी उपरिक्षक सिराहा र सिराहा जिल्ला अदालतका श्रेस्तेदार सहितको टोली सम्बन्धित ईटाभट्टामा स्थलगत अवलोकन गर्न गई धरमन्ती समेतका ६४ जनालाई सकुसल उद्धार गरी ल्याई नेपाल रेडक्रस सोसाइटीको भवनमा खानपिन सुत्ने समेतको उचित व्यवस्था मिलाई राखिएको छ । सम्मानीत सर्वोच्च अदालतबाट धरमन्ती समेतका ६४ जना व्यक्तिहरूलाई उनीहरूको इच्छा अनुसार उनीहरूको देशमा प्रवेश गर्ने व्यवस्था मिलाउने आदेश प्राप्त भइसकेकाले सो आदेश कार्यान्वयन गर्न मिति २०६९।१०।३ मा क्षेत्रिय प्रशासक स्वयं नै सिराहा जिल्लामा गई प्रमुख जिल्ला अधिकारी मार्फत भारत

मधुवनी जिल्लाका मजिष्ट्रेटलाई पत्र लेखिसकिएको छ । बन्धक बनाइएका भनिएका व्यक्तिहरूलाई ईटाभट्टाबाट उद्धार गरी ल्याई उनीहरूको इच्छा अनुसार आफ्नो देशमा पठाउने तर्फ कार्य अगाडी बढिसकेको हुँदा निवेदन माग अनुसार थप आदेश हुनुपर्ने नदेखिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय धनकुटाका क्षेत्रीय प्रशासक जनार्दन नेपालको लिखित जवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा विपक्षी ईटाभट्टा संचालकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री अग्नि खरेल र श्री विनोद श्रेष्ठले निवेदक समेतका कामदारहरू ठेकेदार मार्फत आई प्रति एक हजार काँचो ईटा बनाएको रू. १४००।- रूपयाँ लिने गरी स्वेच्छापूर्वक संझौता गरी काम गरेका हुन । संझौता अनुरुप काम वापतको रकम ठेकेदार मार्फत अग्रिम भुक्तानी बुझी लगेको अवस्थामा कामदारहरूले काम छाडी जान खोजेकोले भुक्तानी भएको रकमबमोजिमको काम गरीदिन अनुरोध सम्म गरेको हो । कामदारहरूलाई बन्धक बनाई इच्छा बिपरित काममा लगाएको होईन । खानपान र बासबस्ने उचित व्यवस्था गरी कानून सम्मत रूपमा काम गरेका हुन । हाल सबै कामदारहरू सम्मानीत अदालतको आदेशबमोजिम ईटा उद्योगबाट निकाली सपरिवार सकुसल आफ्नो देश फर्किसकेको अवस्था हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन । तसर्थ, रिट निवेदन खारेज गरीपाउँ भनी गर्नु भएको बहस सुनियो ।

विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालय सिराहा समेतको तर्फबाट उपस्थित विद्वान उप न्यायाधिवक्ता श्री राजेन्द्रकुमार श्रेष्ठले निवेदक समेतका भारतीय नागरिकहरू सिराहा जिल्ला वेल्हाकट्टी गाउँ स्थित ॐ ईटाभट्टामा आई काम गरेका र उनीहरूको जबरजस्ती श्रम शोषण भएको विषयमा प्रशासनिक निकायमा पूर्व जानकारी नभएको र सम्मानित अदालतमा रिट दायर भई अदालतबाट भएको आदेश प्राप्त भएपछि सक्रियतापूर्वक बन्धक श्रमिकहरूलाई सकुसल उद्धार गरी अदालतको आदेशबमोजिम आफ्नो देश पुनरागमन

गराइएको हुँदा जिल्ला प्रशासन कार्यालय सिराहा समेतका सरकारी निकायका हकमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो ।

उल्लिखित बहस सुनी मिसिल अध्ययन गरी हेर्दा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

निर्णयतर्फ बिचार गर्दा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन अंग्रेजी भाषामा लेखी रिट निवेदक सेवारामले भारतबाट हुलाक मार्फत सम्माननीय प्रधान न्यायाधीशलाई प्रेषित गरेको र प्रधान न्यायधीशको निजी सचिवालयबाट नेपाली भाषामा अनुवाद गरी अंग्रेजी भाषाको निवेदन एवं अनुवादीत मस्यौदा मुद्दा तथा रिट महाशाखामा पठाई दर्ता भएको पाइन्छ । निवेदक सेवा रामले विदेशबाट अंग्रेजी भाषामा पत्र मार्फत रिट निवेदन प्रेषित गरेतापनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३१(१) मा उल्लेख भएबमोजिम बन्दीप्रत्यक्षीकरणको निवेदनपत्रमा बन्दीलाई कसले, कहिले देखि र कुन परिवन्धबाट बन्दी बनाएको छ ? बन्दी कुन स्थानमा थुनामा रहेको छ ? बन्दीलाई अन्नपानी बन्दगरी थुनामा राखिएको वा कुनै प्रकारको शरीरिक वा मानसिक यातना दिएको छ वा छैन ? आदि कुराहरू खुलाएको पाइन्छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५ मा लिखतहरूमा पुऱ्याउनुपर्ने सामान्य रीतका सम्बन्धमा विभिन्न व्यवस्था भएको र त्यस्ता रीत नपुगेका निवेदनहरू सर्वोच्च अदालतमा दर्ता गरिने छैन भन्ने व्यवस्था रहेको छ तथापि अदालतले मुद्दाको कारवाही गर्दा सधै र सवै अवस्थामा लिखतमा पुऱ्याउनु पर्ने रित वेरित जस्ता कार्यविधिगत प्रकृयामा मात्र सीमित रही रहन सक्दैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा गम्भिर आघात हुने गरी गैर कानूनी एवं अमानवीय रूपमा बन्दी बनाइएको भन्ने लिखित सूचना प्राप्त भएको अवस्थामा अदालतले न्यायिक सक्रियता अपनाई मुद्दाको कारवाही अगाडी बढाउन सक्षम हुन्छ । बन्दीप्रत्यक्षीकरणको आदेश गैर कानूनी रूपमा बन्दी बनाइएका व्यक्तिहरूलाई थुनाबाट मुक्त गर्न जारी गरिने हुँदा यो प्रत्यक्षतः व्यक्तिको वैयक्तिक स्वतन्त्रता एवं मानव अधिकारको संरक्षण सँग सम्बन्धित रहेको छ । रिट निवेदक सेवारामले बन्दी बनाइएका व्यक्तिहरूको हकमा आँफु यस अदालतमा उपस्थित

नभई विदेश भारतबाटै अंग्रेजी भाषामा पत्र मार्फत निवेदन गरेपनि गैर कानूनी रुपमा बन्दी बनाई व्यक्तिको वैयक्तिक स्वतन्त्रता माथि गम्भिर आघात हुन गएको विषयमा अदालतले निवेदन ग्रहण गरी सुनुवाई समेतका आवश्यक कारवाही गर्न सक्ने हुन्छ ।

निवेदक समेतका व्यक्तिहरू सिराहा जिल्ला बेलहाकट्टी गाउँस्थित ॐ अंकित ईटा उत्पादन गर्ने इटा भट्टामा आई इटाभट्टाका संचालकहरूसँग प्रति एक हजार कच्चा इटाको रू.१४००।- मा काँचो इटा बनाउने शर्तमा सम्झौता गरी इटा बनाउने श्रमीकको रूपमा काम गरेको तथ्यमा विवाद देखिन्न । निवेदकले रिट निवेदनमा विपक्षी इटाभट्टा संचालकले श्रमीकहरूलाई काम गरेको रकमको भुक्तानी नदिई, घर जान पनि नदिई बन्धक बनाई बिना पारिश्रमीक जबरजस्तीसँग काममा लगाएको र तत्सम्बन्धी गुनासोको संम्बोधन सम्बन्धीत स्थानीय प्रशासनिक निकायले नगरेको उल्लेख गरी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्धक मुक्त गरी पाउँ साथै विपक्षी ईटाभट्टा संचालकहरू एवं ठेकेदारलाई अनुसन्धान गरी आवश्यक कारवाही गर्ने आदेश समेत जारी गरी पाउँ भनी माग गरेको देखिन्छ । विपक्षी ईटाभट्टा संचालकहरूले निवेदन दावीलाई इन्कार गर्दै निवेदक समेतका व्यक्तिहरू ठेकेदार मार्फत आई सहमतीअनुसार स्वेच्छापूर्वक काम गरी बसेकोमा भुक्तानी रकमअनुसार काम नगरी फर्कने उद्देश्यले कपोलकल्पित तथ्यहरू उल्लेख गरी प्रस्तुत रिट निवेदन दायर गरेको र हाल निवेदक समेतका सबै व्यक्तिहरू अदालतको आदेशानुसार ईटा उद्योगबाट निकाली सपरिवार सकुशल आफ्नो देश फर्किसकेको अवस्था हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी लिखित जवाफ पेश गरेको देखिन्छ ।

प्रस्तुत रिट निवेदनमा प्रारम्भीक सुनुवाई हुँदा रिट निवेदन मागका सम्बन्धमा कुनै किसिमको बिलम्व गर्न नमिली तत्काल जाँचबुझ गरी आवश्यकता अनुसार राहत सहित निकासा दिनुपर्ने देखिएकोले निवेदनको व्यहोरा साचो छ छैन, निवेदन व्यहोराबमोजिम बन्धक बनाई काममा लगाएको अवस्था समेत हो होइन, सो सम्बन्धमा आवश्यक सुरक्षा मद्दत सहित अविलम्व विवादित कार्यस्थलमा प्रवेश गरी जो जसलाई बुझ्नुपर्छ बुझि

खानपिन, बसोबास र कार्यस्थलको शर्त र वातावरण समेतको बारेमा दुई दिन भित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्न सिराहा जिल्ला अदालतका श्रेस्तेदारलाई जाँचबुझ अधिकृतको रूपमा तोकी पठाउने आदेश भएको पाइन्छ । साथै श्रमीकहरूलाई तत्काल खानपिनको व्यवस्था नभएको वा लत्ता कपडा र बसोवास असाध्य किसिमको देखिएमा सम्बन्धित इटाभट्टाको मालिककै खर्चमा तत्काल व्यवस्था गर्न लगाउने, सो हुन नसकेमा स्थानिय प्रशासन अर्थात प्रमुख जिल्ला अधिकारी समेतको संयोजकत्वमा आवश्यक व्यवस्था गर्न लगाउने, सो गर्न नमाने वा हुन नसकेमा तत्काल गर्न पर्ने जो चाहिने व्यवस्था गरी आवश्यक कारवाही एवं व्यवस्था गर्न यस अदालतमा आवश्यक निकासाको लागि लेखि पठाउने भनी सिराहा जिल्ला अदालतका श्रेस्तेदारलाई उक्त मिति २०६९।९।२७ को आदेशले कार्यादेश समेत तोकेको पाइन्छ ।

यस अदालतको उल्लिखित आदेशबमोजिम सिराहा जिल्ला अदालतका श्रेस्तेदारले कार्यस्थलमा गई जाँचबुझ गरी पठाएको प्रतिवेदन व्यहोराबाट निवेदनमा उल्लेख भएबमोजिमका श्रमिकहरूलाई इटाभट्टा कारखानामा शर्त अनुसारको ज्याला नदिएको, इच्छा विपरीत काममा लगाएको, कार्य स्थलमा खाने बस्ने एवं लत्ता कपडा आदिको न्यूनतम बन्दोबस्त समेत नमिलाई तथा सुरक्षा समेत नदिई श्रम शोषण गरेको, महिला श्रमिकहरूलाई यौन दुर्व्यवहार गरेको, बच्चाहरू समेतलाई काममा लगाई बालश्रम शोषण भएको समेतको नाजुक अवस्थामा बन्धक बनाई राखेको र निज श्रमिकहरूले त्यहाँबाट छुटकारा पाउन माग गरेको भन्ने देखिन्छ । त्यसरी जबरजस्ती बन्धक बनाई काममा लगाउनु बन्दीसरहको अवस्था देखिएको भै जाँचबुझ अधिकृतको टोलीले बन्धक बनाइएका व्यक्तिहरूको इच्छा अनुसार बन्धक मुक्त गरी अदालतकै सक्रियतामा नेपाल रेडक्रस सोसाइटी सिराहामा आश्रय दिई खानपीन एवं स्वास्थ्य उपचार गरिएको भन्ने व्यहोराको जाँचबुझ अधिकृतको प्रतिवेदन मिति २०६९।१०।२ मा प्राप्त भएको पाइन्छ ।

जाँचबुझ अधिकृतबाट पेश भएको प्रतिवेदन यस अदालतको संयुक्त इजलासमा पेश भई सुनुवाई हुँदा "....निवेदकलगायतका श्रमिकहरूले काम गरेको इटाभट्टाबाट पाउनु पर्ने

रकमको हकमा इटा भट्टा मालिकबाट तत्काल दिलाउन सक्ने भए सो काममा सहयोग गर्ने र सो हुन नसकेमा पनि सम्बन्धित श्रमिकहरूले कानूनबमोजिम भराई पाउन उपयुक्त उपचार खोज्न सक्ने नै हुँदा प्रस्तुत निवेदनको रोहमा निवेदनमा उल्लिखित व्यक्तिहरूलाई बन्धक सरहको स्थितिमा बन्दी बनाई राखेको देखिँदा निजहरूलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६ बमोजिम बन्धक अवस्थाबाट मुक्त गरी आफ्नो देश भारत पुनरागमनका लागि मित्रराष्ट्र भारतको सीमावर्ती प्रशासनसँग समेत आवश्यक समन्वयन गरी निजहरूलाई सुरक्षा साथ नेपाल सिमापार गर्न दिई सो कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन यस अदालतमा पठाउनु भनी सीराहा जिल्ला अदालतका स्रेस्तेदारलाई लेखि पठाउनु र उक्त कार्यमा आवश्यक पर्ने प्रशासनिक तथा अन्य व्यवस्थापकिय सरसहयोग सक्रिय रूपमा उपलब्ध गराउनु भनी पूर्वाञ्चल क्षेत्रीय प्रशासक तथा सीराहा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई समेत लेखि पठाई स्रेस्तेदारको प्रतिवेदन प्राप्त भएपछि मिसिलसाथ राखी पेश गर्नु" भनी मिति २०६९।१०।३ मा आदेश भएको देखिन्छ ।

यस अदालतको उल्लिखित आदेश पश्चात् आदेश बमोजिम सबै श्रमिकहरूलाई यातायात खर्च समेत उपलव्ध गराई श्रमिकहरूको इच्छाबमोजिम नेपाल भारत सीमा सम्म पुऱ्याई सीमा पारीको गाडी चढाएको भनी सीराहा जिल्ला अदालतका स्रेस्तेदारले प्रतिवेदन पेश गरेको देखिन्छ । श्रेस्तेदारको मिति २०६९।१०।६ को दोस्रो प्रतिवेदनमा श्रमिकहरूलाई आफ्नो देश भारत पुनरागमका लागि समन्वय गर्न सीराहाका प्रमुख जिल्ला अधिकारी मार्फत सीमावर्ती भारतीय प्रशासनलाई पत्राचार गरिएकोमा भारतीय पक्षबाट कुनै उत्तर एवं सम्पर्क नगरेकोले मिति २०६९।१०।५ गते श्रमिकहरूको इच्छा बमोजिम सुरक्षा साथ भारतीय सीमा सम्म पुऱ्याई नागरिक समाज तथा पत्रकार समेतको अगुवाई र भारतीय सीमाक्षेत्रका राजनीतिज्ञ एवं समाजसेवीहरूलाई समेत रोहवरमा राखी नेपालका प्रहरी प्रशासनका प्रमुख, संचारकर्मी र सीराहा जिल्ला अदालतका जिल्ला न्यायाधीश समेतको उपस्थितिमा जिल्ला मधुवनी, प्रखण्ड जयनगर (भारत) पंचायत, वेहली पूर्वी घर

कम्लावरीका मुखिया भोला यादवलाई बुझाई सबै श्रमिकहरूलाई सीमापारीको गाडीमा चढाएको भन्ने समेत उल्लेख भएको देखिन्छ ।

यसरी प्रस्तुत निवेदनमा यस अदालतबाट भएको आदेशानुसार रिट निवेदनमा उल्लेख गरिएका धरमन्ती लगायतका सबै ६४ जना श्रमिक समेतका व्यक्तीहरू सीराहा जिल्ला बेलहाकट्टी गाउँ स्थित ॐ अंकित ईटा उत्पादन गर्ने इटाभट्टाबाट बन्धक मुक्त भई आफ्नो देश भारत पुनरागमन गरी सकेको तथ्य जाँचबुझ अधिकृतको रूपमा रहेका सीराहा जिल्ला अदालतका श्रेस्तेदारको प्रतिवेदनबाट पुष्टि भएको छ । निवेदकले रिट निवेदनमा उल्लेख गरेका ६४ जना श्रमिक समेतका व्यक्तीहरुलाई विपक्षी इटाभट्टा संचालकहरुबाट बन्दी बनाएकोले उक्त बन्दी अवस्थाबाट मुक्तगर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारीको माग गरेकोमा यस अदालतको पूर्व आदेशानुसार हाल निवेदनमा उल्लिखित सबै बन्दीहरु बन्धक मुक्त भई सकेको पुष्टि भएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिई रिट निवेदन खारेज भएता पनि रिट निवेदनमा विपक्षी इटाभट्टा संचालकले श्रमीकहरूलाई काम गरेको रकमको भुक्तानी नदिई घर जान पनि नदिई बन्धक बनाई बिना पारिश्रमीक जबरजस्तीसँग अमानवीय रुपमा काममा लगाएको भनी उल्लेख भएको तथ्य जाँचबुझ अधिकृतको रूपमा सीराहा जिल्ला अदालतका श्रेस्तेदारले पेश गरेको प्रतिवेदनबाट पुष्टि भएको छ । श्रमिकहरूलाई बन्धक बनाई जबरजस्तीसँग काममा लगाउने जस्ता क्रियाकलापहरू मानव अधिकारको उल्लंघन मात्र नभएर नेपाल पक्ष राष्ट्र भएको अन्तराष्ट्रिय महासन्धिहरु, नेपालको अन्तरिम संविधान, २०६३ एवं प्रचलित श्रम सम्बन्धी कानूनको प्रतिकूल भएको मान्नुपर्ने हुन्छ । यस सम्बन्धमा नेपालले अनुमोदन गरेका श्रम सम्बन्धि अन्तराष्ट्रिय महासन्धिहरु एवं राष्ट्रिय कानूनी व्यवस्थालाई समेत हेर्नु सान्दर्भीक हुन आउँछ ।

नेपालले अन्तराष्ट्रिय श्रम संगठनका प्रमुख महासन्धिहरुको पक्ष राष्ट्र भई अनुमोदन समेत गरेको छ । नेपालले अनुमोदन गरेको अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. २९ बाध्यकारी श्रम सम्बन्धी महासन्धि, १९३० (C No. 29 Forced Labour Convention, 1930) मा सदस्य राष्ट्रले सबै खाले बाध्यकारी श्रमलाई बन्देज लगाउनु पर्ने व्यवस्था रहेको छ ।महासन्धिको धारा ४(१) मा The competent authority shall not impose or permit the imposition of forced or compulsory labour for the benefit of private individuals, companies or associations. अर्थात अधिकार प्राप्त निकायले निजी व्यक्ति, कम्पनी वा संस्थाको लाभका लागि बाध्यकारी वा अनिवार्य श्रममा लगाउन वा त्यसको लागि अनुमति प्रदान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । त्यस्तै धारा ५(१) मा No concession granted to private individuals, companies or associations shall involve any form of forced or compulsory labour for the production or the collection of products which such private individuals, companies or associations utilise or in which they trade. अर्थात व्यक्ति, कम्पनी वा संस्थालाई उपलव्ध गराइएका कुनै पनि छुटमा त्यस्ता निजी व्यक्ति, कम्पनी वा संस्थाले उपभोग गर्ने वा व्यापार गर्ने उत्पादनहरुको उत्पादन कार्य वा संकलन कार्यका लागि कुनै पनि किसिमका बाध्यकारी वा अनिवार्य श्रमलाई समावेश गरिनु हुँदैन भन्ने व्यवस्था रहेको छ । त्यस्तै नेपालले अनुमोदन गरेको अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १०५ बाध्यकारी श्रमलाई उन्मुलन गर्ने महासन्धि, १९५७ (C No. 105 Abolition of Forced Labour Convention, 1957) ले महासन्धिका सदस्य राष्ट्रहरुले कुनैपनि स्वरुपमा हुने बाध्यकारी श्रमलाई उन्मुलन गर्नुपर्ने व्यवस्था गरेको छ । नेपालले महासन्धि नं. १४ साप्ताहिक बिदा (उद्योग) सम्बन्धी महासन्धि, १९२१ (C No. 14 Weekly Rest (Industry) Convention, 1921), महासन्धि नं. १०० समान पारिश्रमिक सम्बन्धी महासन्धि, १९५१ (C No. 100 Equal Remuneration Convention, 1951), महासन्धि नं. १११ भेदभाव (रोजगारी र पेशा) सम्बन्धी महासन्धि, १९५८ (C No. 111 Discrimination (Employment and Occupation) Convention, 1958), महासन्धि नं. १८२ निकृष्ट प्रकारको बालश्रम विरुद्धको महासन्धि, १९९९ (C No. 182 Worst Forms of Child Labour Convention, 1999) समेतका महासन्धिहरुको अनुमोदन गरिसकेको छ । नेपाल सन्धि ऐन, २०४७ अनुसार नेपालले अनुमोदन गरेका महासन्धिहरु नेपाल कानून सरह लागूहुने निर्वीवाद रहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ मा शोषण विरूद्दको हक अन्तर्गत देहायका हकहरूको व्यवस्था रहेको छः-

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन ।

(३) मानिसलाई बेच—बिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।

तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने कानून बनाउन रोक लगाएको मानिने छैन ।

धारा २२ मा बालबालिकाको हक अन्तर्गत उपधारा (३) मा **प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।** उपधारा (५) मा **कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाईने छैन ।** धारा २० मा महिलाको हक अन्तर्गत उपधारा (३) मा **कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ** भन्ने व्यवस्था रहेको छ ।

श्रम ऐन, २०४८ मा यस सम्बन्धमा भएका केहि मुख्य कानूनी व्यवस्था यस प्रकार रहेका छन् :(दफा १६. **काम गर्ने समयः कामदार तथा कर्मचारीलाई प्रतिदिन आठ घण्टा वा सप्ताहमा अठ्चालीस घण्टा भन्दा वढी समय काममा लगाउनु हुदैन र प्रत्येक सप्ताहमा एक दिन सप्ताहिक बिदा दिनु पर्नेछ ।**

दफा २२. **<u>पारिश्रमिक भत्ता र सुविधाको भुक्तानीः</u> प्रतिष्ठानको कामदार वा कर्मचारीले पाउने पारिश्रमिक, भत्ता र सुविधा दिने दायित्व सम्बन्धित व्यवस्थापकको हुनेछ ।**

दफा २७ **<u>स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था</u>**

दफा ४१ **<u>बासस्थानको प्रबन्ध</u>**

दफा ४२ **<u>बालकहरूको निमित्त व्यवस्था</u>**

दफा ८४क. **<u>प्रतिष्ठान वाहिरका कामदार वा कर्मचारीहरूको सम्बन्धमा विशेष व्यवस्थाः</u> (१) प्रतिष्ठान बाहिरका कामदार तथा कर्मचारीहरुलाई काममा लगाउने व्यक्ति वा संस्थाले दुई पक्ष बीच लिखित सम्झौता भएकोमा सो सम्झौता बमोजिम र सम्झौता नभएकोमा काममा लगाएको दिनको पारिश्रमिका सात दिन भित्र दिई सक्नु पर्नेछ ।**

विपक्षी ॐ इटाभट्टाका संचालकबाट धरमन्ती समेतका ६४ जना व्यक्तिलाई बन्दी बनाइ कामको पारिश्रमिक नदिई बधुवा श्रमिकको रूपमा श्रम शोषण गरी निजहरूको इच्छा विरूद्द काममा लगाएको, श्रमिकहरूको स्वास्थ्य सम्बन्धी औषधोपचारको व्यवस्था नगरिएको, विपक्षीहरूद्वारा संचालीत इटाभट्टामा स्वास्थ्यकर बासस्थानको समुचित प्रबन्ध नहुनुका साथै बालबालीकाहरू समेतका महिला कामदारहरूलाई काममा लगाएकोमा बालबालिकाहरूका लागि स्वास्थ्यकर कोठाको व्यवस्था नगरेको बरू नावालकहरूलाई समेत काममा लगाइएको भन्ने देखिन आएको छ । साथै संझौता बमोजिम पारिश्रमिक दिनुपर्ने व्यवस्थाको समेत विपक्षी इटाभट्टा संचालकबाट उल्लंघन भएको र इटाभट्टामा महिला श्रमिकहरूलाई यौनजन्य दुर्व्यवहार गर्ने गरेको तथ्य खुल्न आएको छ । यसबाट इटाभट्टा संचालकहरुले नेपालले अनुमोदन गरेका श्रम सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरुका साथै नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त हकको समेत बर्खिलाप काम गरेको र श्रम ऐन, २०४८ मा भएका कानूनी व्यवस्थाको समेत उल्लंघन गरेको देखिएको छ ।

श्रम ऐन, २०४८ को दफा ६६ मा कारखाना निरीक्षक एवं प्रमुख कारखाना निरीक्षकको नियुक्ति सम्बन्धी व्यवस्था भएको र दफा ६७ मा र श्रम नियमावली, २०५०

को नियम ५४ मा कारखाना निरीक्षकको अधिकार समेत तोकिएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्था हुनुको पछाडि प्रतिष्ठान एवं कारखानामा कानून प्रतिकूल कुनै कार्य हुन नदिनुका साथै निरीक्षण र अनुगमन गरी श्रम सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्ने गराउने र कानून उल्लंघन भएमा आवश्यक कारवाही गर्ने विधी निर्माण कर्ताको मनसाय रहेको देखिन्छ ।

प्रस्तुत रिट निवेदनमा उल्लेख भएको व्यहोरा र जाँचबुझ अधिकृतको रूपमा सीराहा जिल्ला अदालतका श्रेस्तेदारले पेश गरेको प्रतिवेदनबाट इटाभट्टामा ठेकेदार मार्फत विदेशबाट श्रमिकहरू ल्याई काममा लगाउने र काम वापत रकमको भुक्तानी ठेकेदारमार्फत भई ठेकेदारले श्रमिकहरूलाई रकम नदिई श्रमको शोषण हुने, इटाभट्टा संचालकहरुबाट श्रमिकहरूलाई खानपिनको एवं बस्ने ठाउँको न्यूनतम सुविधाहरू उपलव्ध नगराउने, नावालकहरूलाई समेत श्रममा लगाउने, महिला श्रमिकहरू माथि यौनजन्य दुर्व्यवहार हुने, श्रमिकहरूले घर जान चाहदा समेत घर जान नदिई बन्धक बनाई जबरजस्ती काममा लगाई बधुवा श्रमिकको रूपमा व्यवहार गर्ने, श्रमिकहरूको स्वास्थ्य सम्बन्धी औषधोपचारको व्यवस्था नहुने, काम गरेवापत पारिश्रमिक दिन इन्कार गर्ने जस्ता गैर कानूनी व्यवहार हुने गरेको तथ्य उजागर भएको छ । श्रमिकहरू माथि हुने दुर्व्यवहारजन्य क्रियाकलापहरूबाट मानव अधिकारको उल्लंघन मात्र नभएर नेपाल पक्ष राष्ट्र भएको अन्तराष्ट्रिय महासन्धिहरु, नेपालको अन्तरिम संविधान, २०६३ एवं प्रचलित श्रम सम्बन्धी कानूनको प्रतिकूल भएको देखिन्छ । माथि बिबेचना गरिए अनुसार श्रम ऐन, २०४८ को दफा ६६ मा कारखाना निरीक्षक एवं प्रमुख कारखाना निरीक्षकको नियुक्ति सम्बन्धी व्यवस्था भएको र दफा ६७ मा र श्रम नियमावली, २०५० को नियम ५४ मा कारखाना निरीक्षकको अधिकार समेत तोकिएको छ । वस्तुतः कारखाना निरीक्षकको नियुक्ति गरी इटाभट्टा लगायतका काराखानाहरुमा कामदारहरुलाई श्रमसम्बन्धी कानूनबमोजिम काममा लगाइएको छ छैन भन्ने सम्बन्धमा कारखाना निरीक्षकबाट नियमित अनुगमन तथा निरीक्षण गरी कानून प्रतिकूलको कार्य भएको

अवस्थामा तत्काल आवश्यक कारवाही हुन सकेमा विपक्षी ॐ अंकित ईटा उत्पादन गर्ने इटाभट्टामा भएजस्ता गैर कानूनी कार्यमा नियन्त्रण हुन सक्ने हुन्छ । जो आवश्यक र राज्यको दायित्वको विषय पनि हो । तसर्थ श्रम ऐन, २०४८ को दफा ६६ बमोजिम कारखाना निरीक्षकको नियुक्ति हालसम्म भएको छ छैन नियुक्ति नभएको भए यथासिघ्र नियुक्ति गर्ने र नियुक्ति भईसकेको भए पनि कारखाना निरीक्षकबाट इटाभट्टा लगायतका कारखानाहरुमा श्रम ऐन, २०४८ को दफा ६७ एवं श्रम नियमावली, २०५० को नियम ५४ मा उल्लिखित विषयहरुका अतिरीक्त श्रम सम्बन्धी अन्य प्रचलित कानूनको पालना भए नभए सम्बन्धमा प्रभावकारी रुपमा नियमित अनुगमन तथा निरीक्षण गरी गराई श्रम सम्बन्धी कानूनको उल्लंघन भएको पाइएमा आवश्यक कारवाही गर्नु गराउनु भनी नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ । यो निर्देशनात्मक आदेशको जानकारी नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयलाई दिनु । साथै प्रस्तुत निर्देशनात्मक आदेशको पालना भए नभए सम्बन्धमा यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयले अनुगमन गर्नु भनी यस आदेशको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनु । प्रस्तुत रिटको दायरीतर्फको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इति सम्वत् २०६९ साल माघ १९ गते रोज ६ सुभम् ----------।

इजलास अधिकृत (उप-सचिव) – शिवप्रसाद खनाल
कम्प्यूटर टाईप - चन्द्रा तिमल्सेना